दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २३२ | बुटवल | २०८३ भदौ १८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday September 03, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


### प्रतिनिधिसभा बैठक :

# विपद् व्यवस्थापनमा सरकार असफल : विपक्षी दलहरू



**लुम्बिनी संवाददाता**

*बुटवल*

भोटेकोसी बाढी प्रभावित क्षेत्रमा उद्धार र राहतमा सरकारको उपस्थिति र सांसदहरूका गतिविधिलाई लिएर संसदमा गम्भीर चासो व्यक्त भएको छ।

भदौ १० गते बिहान नेपाल-चीन सीमास्थित भोटेकोसी-ल्हेन्देमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँ जिल्लाका १५ वटा स्थानीय तहमा जनधनको ठुलो क्षति भएको थियो । बाढी प्रभावित क्षेत्रमा फसेका नागरिकको खोजी, उद्धार र राहत वितरणमा सरकारको भूमिका प्रभावकारी नदेखिएकोमा प्रतिपक्ष दलहरू मात्र होइन, सत्ता पक्षकै नेताहरूले प्रश्न उठाएका छन् । संवेदनशील विषयमा बढी जिम्मेवारी हुनुपर्ने सत्ताधारी दलकै सांसहरू पीडितलाई राहत दिनभन्दा पनि प्रभावित क्षेत्रमा अनावश्यक भिडभाड गर्ने, मिडिया ट्रायल गर्ने, स्टन्टबाजी गर्ने जस्ता गतिविधिमा संलग्न देखिएपछि विपक्षी दलहरूले गम्भीर हुन सरकारलाई संसदबाटै सुझाव दिए।

उद्धारमा ढिलाइ अमानवीय र गम्भीर : आङ्देम्बे

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा भएको ढिलाइ अमानवीय र गम्भीर भएको आरोप लगाएका छन्। प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो आरोप लगाएका हुन् ।

अझै पनि ६२ जिल्लाका ३९१६ नागरिक सम्पर्कविहीन भएको विवरण आएकोप्रति उनले सरकारको ध्यानाकर्षण गराए । 'खोज तथा उद्धार अहिले सबैभन्दा बढी खड्किएको विषय छ । अझै पनि ६२ जिल्लाका ३९१६ नागरिक सम्पर्कविहीन भएको विवरण आएको छ,' उनले भने-'समयक्रममा यो अझै बढ्न सक्छ। समयक्रममा यो अझै बढ्न सक्छ। सुरुङभित्र फसेकाका खोज तथा उद्धारमा भएको ढिलाइ अमानवीय र गम्भीर विषय हो ।'

सुरुदेखि नै सरकारी, निजी र आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय प्रविधि र दक्ष टिमसहित उद्धारमा केन्द्रित हुनुपर्ने उनको भनाइ थियो।

आङ्देम्बेले विपद्को बेलामा सरकार सामाजिक सञ्जालमै अल्झिएको आरोप पनि लगाएका छन् । साथै, उनले सरकार परिणाम दिन र प्राण जोगाउन भन्दा प्रचार मिलाउन लागेको बताए । 'स्थलगत अवलोकन र उद्धारको पर्खाइमा पीडित परिवारका गन्थन सुनेपछि आज यो संसद्मा भन्न बाध्य भएको छु, सरकार सामाजिक सञ्जालमा अल्झियो,' उनले भने-'जोखिम समुदायमा समयमा पुग्न सकेन। सरकार परिणाम दिन र प्राण जोगाउन भन्दा प्रचार मिलाउन लाग्यो। फिल्डमा भन्दा फेसबुकको हल्लामा लाग्यो।'

तर, सुरुङभित्रका मानिसको उद्धारमा भएको ढिलाइमा प्रश्न गरेका छन्। सुरुङभित्र ज्यान गुमाएको नभएर 'हत्या' भएको उनको टिप्पणी छ।

'सुरुङभित्र फसेका मानिसको उद्धारमा आयोजना र निजी क्षेत्रलाई जान नदिने, इञ्जिनियर, प्राविधिक तथा विषयविज्ञहरूको कुरा नसुन्ने, आफू एक्सन नगर्ने, अरुलाई गर्न नदिने अनि सात दिन वितिसकेपछि हात उठाएर सरकारले भन्ने- सुरुङमा आफैं खोज। यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ?,' आङदेम्बेको प्रश्न छ-'यो असंवेदनशीलता त ढिलाइका कारण ति सुरुङभित्र भएको मृत्यु- मृत्यु हो कि हत्या सभामुख महोदय ? बारम्बार ध्यानाकर्षण गराउँदा पनि सरकार चुक्यो । यसको जिम्मा सरकारले लिनुपर्छ।'

यो 'प्रचार होइन प्राण बचाउने समय हो' भन्दै आङदेम्बेले नागरिकको जीवनसँगको प्रश्नलाई गालीको विषयभन्दा आफैंभित्र समीक्षाको विषय बनाउन सरकार र सत्तासीनलाई सुझाव दिए। सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा सुरुदेखि नै सरकारी, निजी, अन्तर्राष्ट्रिय प्रविधि र दक्ष टिमसहित उद्धारमा केन्द्रित नभएर सरकारले थप क्षतिको जोखिममा थकेल्ने काम गरेको उनले बताए।

'सम्बन्धित क्षेत्रका विज्ञहरूले भनेका थिए- सुरुङ उद्धारमा घटना भएको पहिलो ७२ घण्टालाई गोल्डेन आवर मानिन्छ। यसबिच उद्धार गर्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ। तर, निजी र अन्तर्राष्ट्रिय सहयोग लिन ढिलाइ गर्दा थप क्षतिको जोखिममा थकेल्ने काम भयो ।'-उनले भने।

आफ्नो परिवारको सदस्य जीवित छन् कि छैनन् भन्ने अनिश्चिततामा बस्नु आफैंमा ठूलो यातना भएको उनको भनाइ छ । 'बाढीमा हराएका नागरिकको परिवारका लागि समय कति पीडादायी हुन्छ भन्ने हामी कल्पना गर्न सक्छौं। आफ्नो परिवारको सदस्य जीवित छन् कि छैनन् भन्ने अनिश्चिततामा बस्नु आफैंमा ठूलो यातना हो।'- उनले भने।

कांग्रेसले सुरुवातदेखि नै विपदमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन हामी भनेर सामना गर्नुपर्छ भन्दा पनि सरकारले समन्वय नगरेको उनको आरोप छ। नेपाली कांग्रेसले बाढीपीडितको राहत र उद्धारमा सरकारमा साथ दिन तयार रहे पनि सरकार आफूखुसी हिँडेको भन्दै चिन्ता प्रकट गरेको छ।

प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्ष दल कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङदेम्बेले यस्तो बताएका हुन्।

'हामी भनिरहेका छौं- सरकारको साथमा छौं, सरकारले भनिरहेको छ-हाम्रो मर्जीले गर्छौं।'-आङ्देम्बेले भने।

स्थानीय सरकार विपद् व्यवस्थापनमा प्रभावकारी ढंगले काम गर्नसकेको उदाहरण आङ्देम्बेले कोभिड-१९ लाई दिए । आफन्त र आफ्नो सर्वस्व गुमाएर पनि स्थानीय जनप्रतिनिधि जुटिरहे पनि केन्द्र सरकारले प्रदेश र स्थानीय सरकारसँग पटक्कै समन्वय नगरेको दाबी गरे।

'हामीले भन्यौं- संघले नेतृत्व गरोस्, अरू कसले के के गर्ने कार्यविभाजन गरेर काम गरोस्। समन्वयमा काम होस्,' उनले भने-'तर, फिटिक्कै समन्वय भएन । यद्यपि, भेटघाट भने भएको छ ।' कांग्रेसले सबैको समन्वयमा संघीय सरकारको नेतृत्वमा विपद्को सामना गरौं भनिरहे पनि सरकारले गम्भीरतापूर्वक नलिएको आङ्देम्बेले आरोप लगाए । भोटेकोशीमा आएको बाढीका कारण बुधबारसम्म ११ सय बढीको मृत्यु पुष्टि भएको छ। अझै पनि करिब ४ हजार जना सम्पर्कविहीन छन्। बेपत्ता हुनेहरूमा सरकारी कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि, विदेशी नागरिक, स्थानीय बासिन्दा र जलविद्युत् आयोजनामा कार्यरत श्रमिक रहेका छन्। हालसम्म ११ हजार ९ सय ९३ जनाको सफल उद्धार गरिएको छ। नेपाली सेनाको हवाई उडानमार्फत् मात्र ४०९१ नेपाली र २७३ विदेशी नागरिकको उद्धार गरिएको छ। घाइते भएका २१२ जनामध्ये १८२ जना अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । उद्धार र सुरक्षाका लागि कुल २१३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ, जसमा ९१९९ नेपाली सेना, ७९१२ नेपाल प्रहरी र ४२०३ सशस्त्र प्रहरी बलका जवानहरू रहेका छन्। प्रभावित क्षेत्रका ३४५३ व्यक्तिहरूलाई होल्डिङ सेन्टरमा राखिएको छ। सबैभन्दा धेरै नुवाकोटमा २४६६ जना होल्डिङ सेन्टरमा रहेका छन्।

भोटेकोसी बाढीपछि रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनाको सुरुङभित्र ४८४ फसिरहेको व्यवसायीले जनाएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का पदाधिकारीहरूका अनुसार सरकारी, निजी तथा विदेशी लगानीमा बनेका र बनिरहेका ११ आयोजनाको सुरुङ तथा विद्युत् गृहभित्र ४८४ जना फसिरहेका छन्।

प्राप्त विवरणअनुसार, सबैभन्दा बढी माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाभित्र तीन सय जना अड्किएका छन् । कोरियाली लगानीमा निर्माण भइरहेको २१६ मेगावाट क्षमताको यो जलविद्युत् आयोजनामा कार्यरत ५५७ जना अझै सम्पर्कविहीन छन्।

» बाँकी ३ पेजमा

## तत्काल उद्धार गर्ने प्रविधि विश्वमै छैन : प्रधानमन्त्री



बुटवल। प्रधानमन्त्री बालेन्द्र शाहले बाढीका कारण क्षतिग्रस्त जलविद्युत आयोजनाका सुरुङबाट तत्काल उद्धार गर्न नसकिनुको कारणबारे संसदमा प्रष्टीकरण दिएका छन् । नेपालमा अहिले आएको विपत् मानवीय सभ्यताकै ठूलो भएको र टनेलको समस्या पनि अन्यत्र भन्दा फरक रहेको उनले बताए।

शाहले टनेलहरुभित्र बाढीमात्र नभएर माटो र लेदो पसेर पूर्णरुपमा थुनिएको हुँदा उद्धार गर्न कठिन भएको उल्लेख गरे । यस्तोमा तत्काल उद्धार गर्ने प्रविधि विश्वमै नभएको उनको भनाइ छ। शाहले भने-'हाम्रो टनेलमा आएको विपत् विशेष किसिमको छ। विश्वभरि पाइने एक्सपर्टहरूले पहिरो पन्छाएर उद्धार गर्ने गरेका छन् । तर यहाँ पहिरो खसेको होइन । बाढीसँगै हिलो माटोले पूर्णरुपमा टनेलहरु थुनिएका छन् । यससम्बन्धी काम गर्नलाई एकदमै ठूलो एक्सपर्टिज कुनै देशहरूसँग पनि थिएन।

हामीसँग पनि छैन । तत्कालै गर्न सकिने टेक्नोलोजी अहिलेसम्म कोहीसँग पनि छैन।'टनेल बाहिर हिरो लेदो भएकाले आर्मी र प्रहरी अडिन पनि मुस्किल अवस्था रहेको उनले प्रष्ट्याए। 'लेदोमा आर्मी र सशस्त्र

» बाँकी ३ पेजमा

## ग्रीन आर्मीलाई वैधता दिएकामा एमालेको आपत्ति



बुटवल। नेकपा एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यले ग्रीन आर्मीलाई वैधता दिएकामा आपत्ति जनाएका छन्। विपद्का बेला यस्तो कार्य अनुचित भएको भन्दै उनले कारबाही माग गरेका छन्।

उनले नेपाल सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएको र संविधान र कानुनले राष्ट्रिय सुरक्षा तथा सैन्य संरचनाको स्पष्ट व्यवस्था गरेकाले नेपाली सेना नै नेपालको एक मात्र संवैधानिक सैनिक संगठन रहेको बताएका छन्।

उनले भनेका छन्-'ग्रीन आर्मी कसले, कुन उद्देश्यले गठन र दर्ता गरेको हो र यसको नाम, संरचना र सैन्य स्वरूपलाई कसले र कुन कानुनी आधारमा वैधता दिइयो ?' उनले राज्यले नै यो विषयमा स्पष्ट र सार्वजनिक जवाफ दिनु पर्ने बताएका छन्। उनले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बाहेकका कुनै पनि समानान्तर सुरक्षा वा सैन्य संरचनालाई नेपालको संविधान र कानुनले नचिन्ने भएकाले कानुन र संविधानले नचिनेका कुनै पनि सैन्य स्वरूपका संरचना तत्काल खारेज गरिनु पर्ने बताए।

'कुनै पनि बहानामा छद्म रूपमा धार्मिक, साम्प्रदायिक वा अन्य कुनै रंगका सेना वा अर्धसैनिक संरचना निर्माण गर्ने र मुलुकलाई योजनाबद्ध रूपमा द्वन्द्व तथा गृहयुद्धतर्फ धकेल्ने प्रयास स्वीकार्य हुन सक्दैन,' उनले भने-'राज्यको सुरक्षा संरचनामाथि समानान्तर शक्ति खडा गर्ने छुट कसैलाई छैन। यस्तो संवेदनशील विषयलाई सामान्य घटनाजस्तो लिएर पन्छाउन मिल्दैन।'

## मालपोत भैरहवाका पूर्व प्रमुखसहित पाँच जनाविरुद्ध मुद्दा



बुटवल। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुपन्देहीको सिद्धार्थनगरस्थित बहुमूल्य सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको अभियोगमा मालपोत कार्यालयका तत्कालीन प्रमुखसहित पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

साविकको भुझौली गाउँ पञ्चायतमा पर्ने सरकारी (हदबन्दीको) जग्गा भू-माफिया र कर्मचारीको मिलेमतोमा व्यक्तिको नाममा ल्याई राज्यलाई ४ करोड ५३ लाख ४१ हजार ८ सय रुपैयाँ नोक्सानी पुर्‍याएको अख्तियारको जिकिर छ।

अख्तियारका अनुसार साविक भुझौली ९(ख) का विभिन्न कित्ताका जग्गाहरू २०११ सालको भूमिसम्बन्धी ऐन लागू हुनुअघि नै स्वर्गीय सुर्जा मिश्राले हदबन्दीभन्दा बढी भएपछि कालीजी मन्दिरलाई दान दिएका थिए।

वि.सं. २०२२ सालमै हदबन्दीमा परी सरकारी/सार्वजनिक भइसकेको र फिल्डबुकमा समेत कुनै व्यक्तिको नाम उल्लेख नभएको उक्त जग्गालाई बदनियतपूर्ण ढङ्गले व्यक्तिको नाममा कायम गरिएको अनुसन्धानबाट खुलेको अख्तियारको भनाइ छ।

उक्त जग्गा पछि नागरिक उड्डयन प्राधिकरणको नाममा नामसारी गरी मुआब्जाबापतको मोटो रकम हत्याउने उद्देश्यले पर्वत राज कान्त मिश्राको नाममा दर्ता गरिएको पाइएको अख्तियारको दाबी छ । सो कार्यका लागि मालपोत कार्यालय भैरहवाका तत्कालीन कर्मचारीहरूले अदालतको परमादेशको गलत व्याख्या गरी, भूमिसम्बन्धी कानुनको सामान्य कार्यविधि समेत पालना नगरी भू-माफियासँगको आपसी मिलेमतोमा सरकारी जग्गा व्यक्तिको नाममा पुर्‍याएका थिए।

मुद्दा दायर गरिएकाहरूमा मालपोत कार्यालय भैरहवाका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य, नायब सुब्बाहरू लक्ष्मणप्रसाद न्यौपाने र अजित कुमार साहनी (चाई), तथा खरिदार मेघ बहादुर भुजेल मगर रहेका छन्। उनीहरू प्रत्येकसँग ४ करोड ५३ लाख ४१ हजार ८ सय रुपैयाँ बिगो दाबी गरिएको छ।

त्यस्तै, जग्गाधनी भनिएका पर्वत राज कान्त मिश्रालाई मुख्य कसुरदार सरहको सजाय र बिगो असुलउपर गर्न मागदाबी गर्दै अख्तियारले विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।


सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको
विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी'
सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।

स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

# सम्पादकीय

## बुटवललाई जोखिमबाट जोगाऔं

हरेक विपतपछि बुटवलमा विपत जोखिम र न्यूनीकरणबारे चर्चा हुन्छ । विगतमा तिनाउ बाढी र चुरेको पहिरोले क्षति व्यहोरेका बुटवलका बासिन्दा अन्यत्र बाढी र पहिरोले उठिबास लगाउँदा झस्किनु स्वभाविक छ । बुटवल विपतको उच्च जोखिममा छ । तर जोखिम न्यूनीकरणका लागि चाल्नुपर्ने कदमबारे पहलकदमी छैन ।

बाढी र पहिरोले झस्किदा जोखिम न्यूनीकरणका योजना र रणनीतिबारे चर्चा हुने, तर विस्तारै सेलाउँदै जाने प्रवृत्ति छ। विपतपछि उद्धार र राहत वितरणमा जुन सक्रियता छ, जोखिम न्यूनीकरणका लागि हुनुपर्ने संवेदनशीलताको अभावले विपत निम्तिरहेको छ। ज्योतिनगरको पहिरोले ज्योतिनगर र लक्ष्मीनगर मात्रै नभएर बुटवललाई नै जोखिममा पार्ने देखिंदा पनि दीगो व्यवस्थापनमा ध्यान पुगको छैन । तिनाउको बाढीले विगतमा धेरै क्षति गरेको र अहिले नदीको बहाव क्षेत्र अतिक्रमण गरेर बस्नेहरु बढेकाले जोखिम झनै बढी छ । ज्योतीनगरमाथिको श्रवणडाँडा ३० मिटर तल धस्केको तीन वर्ष भयो । तल धस्केको पहाड संयोगले खसेको छैन, कमजोर भुवनोटमा रहेको पहाड तल खस्यो भने ठूलो क्षति हुनेछ । त्यो पहाडलाई थप धस्किन नदिनका लागि चाल्नुपर्ने कदममा किन ढिलाइ भइरहेको छ ? ज्योतिनगर र लक्ष्मीनगरको बस्ती नै जोखिममा रहेको निष्कर्ष विज्ञहरुले निकाले पनि बस्ती स्थान्तरण गर्न प्राथमिकता छैन । चुरेको पहिरोले २०५५ सालयता ज्योतिनगर र लक्ष्मीनगरको बस्तीलाई जोखिम भएको छ। पहिरो क्षेत्रको जमिनभित्र रहेको पानीलाई बाहिर निकाल्दा जोखिम रोक्न सकिन्छ भन्ने भूगर्भविदले ध्यानाकर्षण गराउँदै आए पनि तहगत सरकारले पटक्कै सुनेका छैनन् । पहिरो नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी रोकथाम गर्नुपर्नेमा बेवास्ता गरिएको छ । चुरे क्षेत्रको संवेदनशिलता बुझेर बस्ती विकास र अरु पूर्वाधार निर्माणका काम गर्नुपर्नेमा मनपरी संरचना निर्माण गर्दा जोखिम झनै बढेको छ ।

चुरेको पहिरोले बुटवलमा जोखिम बढाएझैं तिनाउमा बाढीको जोखिम पनि उत्तिकै छ। नदीको तटिय क्षेत्र अतिक्रमण गरी दुई दशकमा घना बस्ती बसेका छन् । नदी किनारको जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा नसार्ने हो भने सम्भावित क्षतिको आँकलन सामान्य छैन । मुसलधारे पानी परेको बेला पाल्पाको चुरे क्षेत्रमा पहिरो जाने र नदी थुनिने गरेका घटना विगतमा भएका थिए । विगतका यस्ता घटनाबाट हामीले पाठ सिक्न सकेनौं । त्यसो त चुरेको खोंचमा क्लाउड ब्रष्ट अर्थात् बादल विष्फोट हुने उच्च जोखिम हुन्छ । बादल विष्फोट हुने ठाउँमा थोरै समयमा धेरै वर्षा हुन्छ। यी सम्भावित परिदृष्यलाई नियालेर तहगत सरकारले विपत व्यवस्थापनको कार्ययोजना बनाएर जोखिम न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्न ढिलाइ गरिरहेका छन् । विपत भइसकेपछि राहत वितरणभन्दा जोखिम न्यूनीकरण र पूर्व तयारीमा ध्यान दिनुपर्छ ।

# भोटेकोसीको चित्कारले खोजेको राहत !



**ईन्द्रप्रसाद भुसाल**



भोटेकोसीमा आएको विनाशकारी महाप्रलयले नेपालका मानिस पहाड, नदी, बस्ती, बाटो र भौतिक संरचना मात्रै बगाएको छैन, यसले हाम्रो राजनीतिक चेतना, सामाजिक संवेदना र मानवीय उत्तरदायित्वलाई पनि एउटा कठोर परीक्षाको कठघरामा उभ्याइदिएको छ । भदौ १० गते बिहान रसुवाको भोटेकोसी नदीमा आएको अप्रत्याशित बाढीले सिर्जना गरेको विध्वंसले केही क्षणमै लाखौं परिवारका सपना उजाडिन सक्छन्, कति आमाका काख रित्तिन सक्छन्, कति सन्तान बाबुआमाविहीन बन्न सक्छन् र जीवनभरको कमाइ एकैछिनमा माटो र भेलमा विलीन हुन सक्छ भन्ने भयावह दृश्य देखाइदिएको छ । भोटेकोसी नदीको भेलसँगै बगेका जीवित शरीरका दृश्यले आज हामीलाई प्रश्न गरिरहेका छन् कि मानिस हराइरहँदा, परिवार रोइरहँदा, देश शोकमा डुबिरहँदा हाम्रो सामाजिक र राजनीति उत्तरदायित्व कहाँ छ ? भदौ १० को प्रकृतिक विपत्तिपछि खोज तथा उद्धार कार्य निरन्तर जारी छ ।

पछिल्ला विवरणअनुसार मृतकको संख्या एक हजार नाघिसकेको र हजारौं मानिस अझै बेपत्ता रहेको अवस्था सार्वजनिक हुन सकेको छैन । स्वदेशी - विदेशी नागरिकको कुनै हिसाब किताब छैन । भौतिक क्षतिको कुनै आँकडा आउन सकेको छैन । कहालीलाग्दो नदीको अवस्था देख्दा त्यसले निम्ताएको विध्वंसको अवस्था हेर्दा आफन्त गुमाउनेहरू अब मुटु भित्र ठुलो बज्रपात सहनुको कुनै बिकल्प छैन । उद्धारकर्मीहरू नदीका किनार, भग्न संरचना, सुरुङ र दुर्गम बस्तीहरूमा जीवनको सानोभन्दा सानो संकेत खोजिरहेका छन् । हाम्रो प्रविधि क्षमता सिप र बुद्धि विवेकले भेटेसम्म्म उद्धार कार्य गरिरहेकै छौं, तर अवस्था सोंचेभन्दा धेरै पर छ । उद्धार कहाँ ढिलो भयो, राहत किन समयमा पुगेन, स्थानीय सरकारलाई किन पर्याप्त अधिकार र साधन दिइएन, पूर्वतयारी किन कमजोर रह्यो ? यी सबै प्रश्न उठिरहेको छन् । वास्तवमा प्रारम्भिक चरणमा उद्धार तथा राहत व्यवस्थापन अत्यधिक केन्द्रीकृत हुँदा स्थानीय तहलाई पर्याप्त भूमिका नदिएको भन्दै आलोचना पनि भएको थियो । पछि प्रभावित जिल्लाहरूमा बहुदलीय संयन्त्र बनाएर स्थानीय सरकारसँग समन्वय गर्ने निर्णय भएको छ । विपद् आएको बेला सरकारको मात्रै जिम्मेवारी हो भनेर राजनीतिक दलहरू पन्छिन् मिल्दैन । राज्यको संयन्त्रले आफ्नो काम गरिरहँदा दलका हजारौं कार्यकर्ता गाउँगाउँमा परिचालित हुनु पर्ने थियो । उनीहरूले राहत बोकेर नदी किनारमा पुग्नु पर्नेथियो । बेपत्ता परिवारको आँसु पुछ्नु पर्ने थियो । घाइतेहरूको खोजी तथा अस्पताल पुऱ्याउनु पर्ने थियो । रगत चाहिएको ठाउँमा रगत सङ्कलन गरि घाइतेहरूलाई उपलब्ध गराउनु पर्नेथियो, शव खोजि, सङ्कलन, पहिचान तथा व्यवस्थापनमा अग्रसर हुनुपर्ने थियो । उद्धारकर्मीलाई खाना, औषधि, कपडा, उपकरण र मानवीय सहयोग पुऱ्याउन पर्ने थियो तर विडम्बना हामी सरकारको आलोचना गरेर समय खर्च गऱ्यौं । राजनीति संस्कार केवल निर्वाचनको दिन मत माग्ने कला मात्र नभई जनताको सुखमा खुसी हुनु र दुःखमा काँध थाप्नु पनि हो । राजनीति भनेको संसद्मा सरकारलाई प्रश्न गर्नु मात्रै होइन, राष्ट्रिय बिपत्ति र भवितव्यमा पीडितसम्म पुग्नु पनि हो ।

सबै जसो राजनीतिक दलसँग देशभर संगठन छ, वडा-वडा तहसम्म कार्यकर्ता छन्, हजारौं जनप्रतिनिधि छन्, करोडौं रुपैयाँको स्रोत परिचालन गर्न सक्ने क्षमता छ भने विपद्को घडीमा नदेखाइने कार्यकर्ता र त्यो क्षमता कुन प्रयोजनका लागि साँचिएको हो ? भोटेकोसीको महाप्रलय पुराना दलहरूको लागि जनताको मन जित्ने एउटा परिवेश पनि हो। तर विडम्बना अधिकांश राजनीतिक दलहरू सरकार को आलोचना गरेरै समय बिताइदिए । यसको अर्थ कुनै दलले केही गरेकै छैन भन्ने होइन। उदाहरणका लागि, नेकपा एमालेले विपद् प्रभावितका लागि रु. १ करोड २० लाख सहयोग गर्ने निर्णय गरेको छ । नेपाली कांग्रेसका सभापति भोटेकोसीमा पुग्नुभयो । तर उद्धार, राहत तथा पुनःस्थापनाका लागि आफ्ना संगठनलाई परिचालन गर्ने कुरामा राजनीतिक दलहरू पछाडि परेकै हुन् । प्रश्न रकमको मात्रै होइन, जनताको आँखाले देख्ने गरी, पीडितको आँगनमा अनुभूति हुने गरी, राजनीतिक दलहरूको मानवीय उपस्थिति कति बलियो भयो त ? भन्ने पनि हो । हामीले विपद्लाई पनि राजनीतिक चस्माबाट हेर्न थाल्यौं भने त्योभन्दा दुर्भाग्यपूर्ण अवस्था अर्को हुन सक्दैन । प्रधानमन्त्रीले राम्रो काम गरे भने त्यो सफलता नेपाल राष्ट्रको हो । उद्धारमा नेपाली सेना सफल भयो भने नेपाल आमाको सफलता हो । नेपाल प्रहरीले जीवन जोखिममा राखेर मानिस बचायो भने त्यो प्रहरी संगठनको मात्र गौरव होइन; सम्पूर्ण नेपालीको गौरव हो । कुनै राजनीतिक दलको कार्यकर्ताले बाढीपीडितलाई काँधमा बोकेर अस्पताल पुऱ्यायो भने त्यो पार्टीको प्रचार सामग्री नभई नेपाली मानवताको परिचय हुनेछ ।

२०७२ सालको महाभूकम्पको बेला संसारले नेपाललाई सम्झिएको थियो । विश्वका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था तथा देशबाट आर्थिक सहयोग, उद्धार टोली, चिकित्सा टोली, राहत सामग्री, स्वयंसेवकहरू आए । जापानले पाकिस्तानको २००५ को भूकम्पपछि उद्धार टोली, चिकित्सकीय टोली र हेलिकोप्टरसहित सहयोग पठाएको थियो । उक्त महाभूकम्पमा जापानी सरकारसँगै राजनीतिक दल र निजी क्षेत्रसँगै सक्रिय भएको जापानको परराष्ट्र मन्त्रालयको अभिलेखमा उल्लेख छ । आज भोटेकोसीमा पनि संसारले नेपालतर्फ हेरिरहेको छ । भारत र चीनले राहत तथा प्राविधिक सहयोग दिएका छन् । दक्षिण कोरियाले एक मिलियन अमेरिकी डलर सहयोग घोषणा गरेको छ ।

बेलायतले पाँच मिलियन पाउन्ड बराबरको सहयोग तथा उद्धार जनशक्ति पठाउने प्रतिबद्धता जनाएको छ । अमेरिकाले पनि सहयोग र प्राविधिक सहायता अघि सारेको छ । अन्तर्राष्ट्रिय रेडक्रस, विश्व स्वास्थ्य संगठनलगायत संस्थाहरूले समेत सहयोग परिचालन गरेका छन् । जब संसारका विभिन्न कुनाबाट मानिसहरू नेपालको पीडामा साथ दिन खोजिरहेका छन्, तर नेपालका राजनीतिक दलहरूबिच भने एकअर्काको कमजोरी खोज्ने प्रतिस्पर्धा हुनु कति विडम्बनापूर्ण दृश्य हो ! हामीलाई अहिले अर्को दललाई गाली गर्ने कार्यकर्ता तथा नेता होइन, भेलमा बगिरहेको मानिसलाई बचाउने स्वयंसेवक चाहिएको छ । हामीलाई सामाजिक सञ्जालमा आक्रोश पोख्नेभन्दा नदीको किनारमा उभिएर बेपत्ताको खोजी गर्ने हात चाहिएको छ । हामीलाई सरकारको कमजोरीको सूची तयारपार्ने प्रतिपक्षको हुटहुटि नभई सरकारका उद्धार संयन्त्रलाई सहयोग गर्ने राजनीतिक संस्कार चाहिएको छ। तर यसको अर्थ सरकारलाई प्रश्न नगर्ने भन्ने पनि होइन । सरकारको काम सरकारलाई गर्न दिनुपर्छ, राजनीतिक दलले आफ्नो संगठन र स्रोत सरकारको काममा सहायक हुने गरी परिचालन गर्नुपर्छ । राज्यको अधिकार राज्यसँगै रहोस्, तर समाजको शक्ति समाजले परिचालन गरोस अनि मात्र लोकतान्त्रिक सहकार्यको सुन्दर नमूना हुन सक्छ । हिमालको उच्च श्रृङ्खलाबाट बुलेट ट्रेनको गतिमा आएको भोटेकोसीको भेलले आफ्नो सीमाना बुझेन, त्यसले एमाले, कांग्रेस, रास्वपा, राप्रपा माओवादी कसैलाई छोडेन, धनी, गरिब, बिरामी, बच्चा बृद्ध, महिला पुरुष , नेपाली र विदेशी कसैलाई छुट्याएन । सजिव निर्जिव केही चिनेन । नदीको त्यो बितन्डाले आफ्नो क्षमताले भेटेसम्म्म कोही कसैलाई बाँकी राखेन । मानवीय वैज्ञानिक उपलब्धिमाथि सजिलै जित हासिल गऱ्यो र क्षणभरमै सुन्दर सन्सार कालकोठरीमा बदलिदियो । त्यसैले उद्धार गर्दा पनि हामीले मानवताको सम्वेदनशिला बुझ्न जरुरी छ । यो विपत्ति केवल प्राकृतिक विपत्ति मात्र होइन, यसले हाम्रो विकासको ढाँचा, वातावरणीय चेतना र भविष्यको तयारीमाथि पनि गम्भीर प्रश्न उठाएको छ । हिमाली क्षेत्रमा जलवायु परिवर्तनसँगै यस्ता चरम प्राकृतिक जोखिम बढ्दै गएको संकेत विज्ञ तथा अन्तर्राष्ट्रिय संस्थाहरूले दिएका छन् । प्रधानमन्त्रीले समेत भोटेकोसी विपत्तिलाई जलवायु परिवर्तनसँग जोड्दै हिमाली मुलुकका लागि अन्तर्राष्ट्रिय ध्यान आवश्यक रहेको बताएका छन् । त्यसैले आजको राहत भोलिको पुनर्निर्माणसँग जोडिनुपर्छ । आजको उद्धार भोलिको विपद् पूर्वतयारीसँग जोडिनुपर्छ । आज बगेको पुल, विद्युत् गृहहरू भोलि फेरि त्यही ठाउँमा जस्ताको तस्तै बनाउने होइन; अझ सुरक्षित अझ बलियो संरचना र बदलिँदो जलवायु जोखिमलाई ध्यानमा राखेर निर्माण गर्नुपर्छ । नदीलाई साँघुरो पारेर, जोखिमपूर्ण भूभागमा अव्यवस्थित संरचना बनाएर र प्रकृतिको चेतावनीलाई बेवास्ता गरेर हामीले विकासको नाममा आफ्नै जोखिम बढाइरहेका त छैनौं भन्ने प्रश्न पनि अब टार्न मिल्दैन । दलका शीर्ष नेताहरू हेलिकोप्टरमा प्रभावित क्षेत्रको निरीक्षण गरेर फर्किनु मात्र पर्याप्त छैन । प्रत्येक दलले आफ्नो संगठनको शक्ति वास्तविक उद्धारमा लगाउनुपर्छ । प्रत्येक सांसदले आफ्नो निर्वाचन क्षेत्रमा राहतको अवस्था बुझ्नुपर्छ । प्रत्येक स्थानीय नेता आफ्नो गाउँको बेपत्ताको सूची, घाइतेको अवस्था र राहतको आवश्यकताको विवरण लिएर प्रशासनसँग समन्वयमा उभिनुपर्छ । पार्टी कार्यालयहरू केही दिनका लागि राहत समन्वय केन्द्र बन्न जरुरी छ। प्रत्येक कार्यकर्ताहरू स्वयंसेवक बन्न सक्छन् । चिकित्सक, इञ्जिनियर, शिक्षक, विद्यार्थी, व्यवसायी, पत्रकार र सामाजिक संस्थाहरू एउटै मानवीय मोर्चामा उभिन सक्छन् । राजनीतिक दलहरूको वास्तविक चरित्रको मापन यो बिनाशकारी विपद्का बेला देखिनु पर्ने थियो ।



त्यसैले अहिले पुराना दलहरूका लागि यो इतिहासले दिएको अन्तिम अत्यन्त महत्वपूर्ण परीक्षा हो । उनीहरूले सरकारको असफलता खोजेर आफ्नो सफलता प्रमाणित गर्न खोजे भने जनताले त्यो राजनीति सम्झिरहनेछन् । राजनीतिक दलहरूले आफ्नो झन्डाभन्दा माथि नेपालको झन्डा राखेर, आफ्नो पार्टीभन्दा माथि पीडित नागरिकलाई राखेर, आफ्ना कार्यकर्तालाई राहत र उद्धारमा उतारेर, सरकारसँग प्रतिस्पर्धा होइन, सहकार्य गरेर काम गरेर देखाउने बेला हो । कांग्रेस, एमाले, रास्वपा, माओवादी, राप्रपा वा अन्य कुनै दल कसले कति आर्थिक सहयोग गरे भन्ने हिसाबभन्दा पनि कसले कति मानिसको आँसु पुछ्यो भन्ने हिसाब महत्वपूर्ण छ । इतिहासले पार्टी कार्यालयमा भएका निर्णय होइन, संकटको क्षणमा पाएको साथ सम्झन्छ किनकि मानिसको जीवनभन्दा ठूलो मूल्यवान कुनै विचार छैन, कुनै पार्टी छैन, कुनै पद छैन, कुनै सत्ता होइन । सिङ्गो राष्ट्र विपत्तिमा हुँदा सत्ता पक्ष र प्रतिपक्ष भन्ने सीमारेखा मेटिनुपर्छ । सङ्कटको बेला सरकारको सफलता भनेको विपक्षको असफलता होइन ।

अब भोटेकोसीमा बगेका मानिसहरूका लागि ढिलो भएको समय फर्काउन सकिँदैन । तर बाँचेका मानिसहरूको जीवन जोगाउन सकिन्छ । बेपत्ताको खोजी गर्न सकिन्छ । घाइतेलाई उपचार दिन सकिन्छ । भोकालाई खाना दिन सकिन्छ । घर गुमाएकालाई आश्रय दिन सकिन्छ । शोकमा डुबेका परिवारको काँधमा हात राख्न सकिन्छ । अब हाम्रो एउटा राष्ट्रिय संकल्प बन्नुपर्छ र सबै नेपालीले भन्नु पर्छ-"तिमीहरू एक्ला छैनौ, सिंगो नेपाल तिमीहरूको साथमा छ ।" त्यसैले यो समय सरकारको खैरो खन्ने समय होइन । सरकारको कमजोरी छ भने सुधारका लागि दबाब दिने हो, उद्धारको हात रोक्ने समय होइन । यो समय दलगत स्वार्थको होइन, राष्ट्रिय संवेदनाको हो । आर्थिक, सामाजिक, भौतिक, प्राविधिक, चिकित्सकीय वा नैतिक साथ दिने समय हो । गाउँ-गाउँबाट बस्ति-बस्तिबाट सहयोगका हात बढाउने समय हो । भोटेकोसीको महाप्रलयमा सफलता पाउनु सिंगो नेपाली समाजको सफलता हो । जनताको मन जित्ने बाटो भाषणबाट होइन, सेवाबाट खुल्छ । नाराबाट होइन, समर्पणबाट खुल्छ । सत्ताबाट होइन, संवेदनाबाट खुल्छ । भोटेकोसीले दिएको विपत्तिको बेला जसले मानिसको हात समाउँछ, इतिहासले अन्ततः उसैको हात समाउनेछ । यो बेला मानवीय संवेदनाको सुन्दर उदाहरण पस्कने बेला हो । भोटेकोसीमा फसेका तथा बेपत्ता भएका सम्पूर्ण नेपाली र विदेशी नागरिकहरूको शीघ्र खोजी तथा सकुशल उद्धार होस् । घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ होस् । आफ्ना प्रियजन गुमाएका परिवारजनलाई यो असह्य पीडा सहन सक्ने शक्ति प्राप्त होस् । विपत्तिमा परेका प्रत्येक नागरिकले आफू एक्लो नभएको अनुभूति गर्न पाओस् भन्ने आजको सबैभन्दा ठूलो प्रार्थना हो ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो



काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ४४ अङ्कले बढेर दुई हजार ५३८ दशमलव ११ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ०२ अङ्कले बढेर ४४९ दशमलव १८ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव २२ अङ्कले बढेर १७४ दशमलव १९ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव १७ अङ्कले बढेर १५१ दशमलव ६१ मा पुगेको छ ।

विभिन्न कम्पनीका ७२ लाख ६८ हजार २०२ कित्ता सेयर रु दुई अर्ब ९४ करोड २७ लाख ८१ हजार ८२६ मूल्यमा खरिद बिक्री भएको छ । आज १३ उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने दुई उपसमूह घटेको छ । १९३ कम्पनीको सेयर बढ्यो भने ७५ कम्पनीको सेयर घट्यो । त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार उपकार लघुवित्त, माथिल्लो मैलुङ खोला जलविद्युत्, आत्मनिर्भर लघुवित्त कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी एनएमबी इजर्नी बण्ड, आरबिबि म्युचुअल फण्ड र कुथेली बुखरी स्मल हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

# वार्षिक प्रगति समीक्षा र असल अभ्यास आदानप्रदान



परासी । आर्थिक वर्ष २०८२/०८३ मा सार्वजनिक निकायबाट सम्पादन गरिएका कार्यक्रम तथा गतिविधिको वार्षिक प्रगति समीक्षा गर्दै सार्वजनिक निकायले अपनाएका असल अभ्यासबारे अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागी विभिन्न सार्वजनिक निकायका प्रमुख तथा प्रतिनिधिहरूले आर्थिक वर्ष २०८२/०८३ मा हासिल भएका उपलब्धि, कार्यसम्पादनको अवस्था, देखिएका समस्या तथा चुनौती र आगामी दिनमा सुधार गर्नुपर्ने विषयबारे जानकारी गराएका थिए ।

कार्यक्रममा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउन अपनाइएका असल अभ्यासबारे अनुभव आदानप्रदान गरिएको थियो । सहभागीहरूले आफ्ना निकायमा भएका सफल अभ्यास तथा सिकाइलाई अन्य निकायले समेत अनुशरण गर्न सक्ने बताएका थिए ।

कार्यक्रममा आगामी आर्थिक वर्षमा विकास निर्माण, सेवा प्रवाह, सुशासन तथा संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा थप प्रभावकारी ढंगले काम गर्ने विषयमा समेत छलफल गरिएको थियो ।

कार्यक्रमका सहभागीहरूले सार्वजनिक निकायबिच नियमित रूपमा अनुभव आदानप्रदान तथा समन्वय हुँदा सेवा प्रवाहमा सुधार आउनुका साथै जनताले सहज र गुणस्तरीय सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरेका थिए ।

जिल्ला सात वटा स्थानियमा भएका आर्थिक वर्ष २०८२/०८३मा गरिएको विकास निर्णय, सेवा प्रवाह खर्च आम्दानी बारे प्रस्तुत गरेका थिए । त्यस्तै सरकारी निकायबाट सेवा प्रवाह लगायत विषयमा प्रस्तुति गरेका थिए ।

**विपद्...**

माथिल्लो त्रिशूली-३ 'बी' मा १२२, माथिल्लो त्रिशूली-३ 'ए' मा ४२, रसुवागढीमा १२ र चिलिमेमा आठ जना फसिरहेका छन् । इप्पानका अनुसार ११ आयोजनाबाट सम्पर्कविहीन व्यक्तिहरूको संख्या ९८३ छ । रसुवाका ६ जलविद्युत् आयोजनाबाट बाढीपछि ७१० र नुवाकोटका पाँच आयोजनाबाट २७३ सम्पर्कविहीन छन् ।

**उद्धारमा सरकार पूर्ण असफल : प्रचण्ड**

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले विपद् व्यवस्थापन र उद्धार कार्यमा सरकार पूर्ण रूपमा असफल भएको टिप्पणी गरेका छन् । संघीय संसद भवन बाहिर सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष दाहालले सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका हुन् । सुरुका दिनमा देखिएको तत्परता क्रमशः कमजोर हुँदै गएको उल्लेख गर्दै दाहालले उद्धारका प्रयासहरूले अपेक्षित नतिजा निकाल्न नसकेको बताए ।

उनले भने-'मैले संसदको रोस्टमबाटै पनि भनिसकेको छु, उद्धार कार्यमा सरकार सफल छैन । सुरुमा केही तत्परता देखिए पनि पछि यो फितलो हुँदै गयो । समग्रमा उद्धार कार्य मूलभूत रूपमा सफल हुन सकेन ।' प्रधानमन्त्रीले संसदमा प्रस्तुत गरेका कतिपय तथ्यहरू भ्रामक रहेको समेत दाहालले दाबी गरे । उद्धारमा प्रयोग गरिएका उपकरण, प्राविधिक विज्ञता र टनेल (सुरङ) भित्रको वस्तुस्थितिका बारेमा प्रधानमन्त्रीले गलत जानकारी दिएको भन्दै सदनमा समेत सो विषयमा बहस भएको उनले उल्लेख गरे ।

प्रधानमन्त्रीको नेतृत्वदायी भूमिकामाथि प्रश्न उठाउँदै दाहालले सरकारले जिम्मेवारीपूर्ण ढंगले काम गर्न नसकेका कारण विपद्को समयमा नागरिकले सास्ती खेप्नुपरेको समेत बताए । उनले भने-'प्रधानमन्त्री सबैको साझा अभिभावक हुनुपर्छ र सबै पक्षबिच सहकार्य तथा सहमतिको वातावरण निर्माण गर्ने मुख्य जिम्मेवारी उहाँकै हुन्छ । तर वर्तमान प्रधानमन्त्रीको कार्यशैलीमा त्यस्तो समन्वयकारी भूमिका देखिएन ।' 'प्रचण्ड'ले प्रधानमन्त्री बालेन्द्र शाहले कसैको अनुहार हेर्न नखोजेको भन्दै टिप्पणी गरेका छन् ।

बुधबार प्रतिनिधिसभाको बैठकमा भोटेकोसी बाढीका विषयमा बोल्दै पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले सरकारलाई सबैको साथ हुँदाहुँदै पनि काम गर्न नसकेको जिकिर गरे । यस्तो बेला सरकारको नेतृत्व संवेदनशील हुनुपर्ने उनको भनाइ थियो । 'सरकारको मुख्य नेतृत्व संवदेनशील र जिम्मेवार हुनुपर्ने हो, आज आउनुभयो, केही ब्रिफिङ सुनाउनुभयो । म उहाँलाई यसअर्थमा त धन्यवाद नै भन्न चाहन्छु,' प्रचण्डले थपे-'तर, उहाँले अरुलाई पनि विश्वासमा लिनुपर्छ । अरुका अनुभव पनि महत्वपूर्ण हुनसक्छ भन्नेतिर ध्यान दिए जस्तो लागेन ।'

प्रधानमन्त्री शाहले आफ्नै दलका सांसदलाई पनि विश्वासमा लिन नसकेको प्रचण्डको जिकिर थियो । 'संसद्लाई विश्वास लिनु भनेको खाली प्रतिपक्षका सांसदलाई मात्रै होइन । कार्यशैलीले के देखाउछ भने आफ्नै दलका सांसदलाई विश्वासमा लिने मेहेनत गरेको मैले चाहीँ देखिनँ ।'- प्रचण्डले भने ।

प्रधानमन्त्री शाह संसदलाई सम्बोधन गरेपछि बाहिर निस्किएका थिए । उनले कसैको सम्बोधन सुनन् । त्यस्तै, कुनै पनि दलका सांसदसँग सामान्य संवाद पनि गरेनन् । त्यसलाई लिएर प्रचण्डले प्रश्न गरेका हुन् । 'उहाँ आउनुहुन्छ, कसैको अनुहार नहेरी जानुहुन्छ । यो के तरिका हो ?,' प्रचण्डले भने-'यस्तो त हुँदैन, प्रधानमन्त्री त हामी सबैको प्रधानमन्त्री हो नि ।'

विपद्को बेलामा सबै दल प्रधानमन्त्री शाहलाई सहयोग गर्न तयार भए पनि उनी आफै एक्लै हिड्न खोजिरहेको प्रचण्डको भनाइ थियो । 'कसैको पनि अनुहार हेर्नु नपर्ने के हो, त्यो तरिका ?,' प्रचण्डले भने- 'यो तरिकाले हुँदैन ।' प्रचण्डले विपद्को बेला जनपरिचालन नभएको औंल्याएका छन् । बुधबार प्रतिनिधि सभाको बैठकमा बोल्दै संयोजक प्रचण्डले सुरुवातमा सरकारले सक्रियता देखाएको भए पनि पछि त्यसअनुसार काम नभएको बताएका छन् । सेना परिचालन गरिएको भए पनि जनपरिचालन नभएको उनको भनाइ छ ।

'प्रधानमन्त्री र मन्त्री सक्रिय भएर जाने आउनेमा त देखियो, सेनाले जोखिम उठाएर उद्धार र राहतमा खेलेको भूमिका देखियो । त्यसका लागि धन्यवाद,' प्रचण्डले थपे-'सेना परिचालन भयो, जन परिचालन भएन । जनपरिचालन नगर्दासम्म समस्याको वास्तविक समस्या समाधान हुँदैन ।' उनले सेनासँगै जनतालाई पनि परिचालन गर्नुपर्नेमा जोड दिए । 'सेना परिचालनसँगै जनपरिचालन जोडिएन, केन्द्रीयसँगै स्थानीय सरकार जोडिएन भने समस्याको समाधान हुँदैन ।'- प्रचण्डले भने ।

**प्रधानमन्त्रीले शासन शैलीमा बदल्नुपर्छ : बादल**

बुटवल । नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा बादलले प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो शासन शैलीमा परिवर्तन गर्नुपर्ने तर्क गरेका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै नेता थापाले सामूहिक र सङ्गठित प्रयासले मात्रै विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सकिने स्पष्ट पारे ।

उनले मुलुकमा वर्षेनी हुने बाढीपहिरोको विनाश रोक्न र प्रभावकारी विपद् व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराए । हरेक वर्ष प्राकृतिक विपत्तिमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने परम्परा मात्र निभाउनुभन्दा यो नियति बदल्न दृढ सङ्कल्पका साथ अघि बढ्नुपर्नेमा जोड दिए । नेता थापाले राज्यको प्रमुख नेतृत्वका रूपमा प्रधानमन्त्री बालेन्द्र साहले आफ्नो एकाङ्की शासन शैलीमा गुणात्मक परिवर्तन गर्नुपर्ने बताए । सरकार संसदप्रति पूर्णतः उत्तरदायी हुनुपर्ने र आफ्ना योजनाहरूबारे संसदलाई निरन्तर जानकारी गराउनुपर्ने उनको भनाइ छ । विद्यमान सङ्कटको सामना राष्ट्रिय सहमतिबाट मात्र सम्भव हुने उल्लेख गर्दै उनले राजनीतिक दल, नागरिक समाज र विज्ञहरू सम्मिलित बहुपक्षीय संयन्त्र निर्माण गर्न सरकारलाई सुझाव दिए ।

नेता थापाले सरकारको कामकारबाहीमा सहजीकरण र निगरानी गर्न सभामुखमार्फत् विशेष संसदीय समिति गठनको प्रस्ताव समेत अघि सारे । विपद् व्यवस्थापनका लागि उनले विभिन्न मन्त्रालयको नेतृत्वमा विशेष कार्यदलहरू गठन गर्नुपर्ने आवश्यकता औंल्याए ।

जसमा अन्तर्राष्ट्रिय सहयोग, क्षतिपूर्ति र समन्वयका लागि परराष्ट्रमन्त्रीको नेतृत्वमा, युद्धस्तरमा उद्धार तथा राहत कार्यका लागि रक्षामन्त्रीको नेतृत्वमा र पुनर्निर्माणका कार्यका लागि अर्थमन्त्रीको नेतृत्वमा विशेष कार्यदल (टास्क फोर्स) बनाउनुपर्ने उनको माग छ ।

यसैगरी, जलवायु परिवर्तनबाट सिर्जित सङ्कटको सामना गर्न अन्तर्राष्ट्रिय ऐक्यवद्धता जुटाउन र आवश्यक रणनीति तय गर्न सरकारले 'सगरमाथा संवाद' को दोस्रो संस्करणलाई तत्काल अगाडि बढाउनुपर्नेमा उनले जोड दिए । प्राकृतिक विपत्तिलाई नियति मानेर बस्ने प्रवृत्तिलाई बदल्न सरकारले विशेष योजना र तत्परता देखाउनुपर्ने नेता थापाको भनाइ छ ।

नेता थापाले भोटेकोसी बाढी जलवायु परिवर्तनका कारण सिर्जित हो वा मानव निर्मित दुर्घटना हो भन्ने विषयमा वस्तुगत अध्ययन आवश्यक रहेको बताए ।

उनले विपद्बाट उत्पन्न शोक र पीडालाई शक्तिमा बदल्न र भविष्यमा सम्भावित विपद्का घटना रोक्न भोटेकोसी बाढीको वैज्ञानिक र वस्तुगत निष्कर्ष निकाल्नुपर्नेमा जोड दिए । उनले जलवायु परिवर्तन र भूमण्डलीय तापक्रम वृद्धिले मानव जातिको अस्तित्वमै संकट उत्पन्न गरिरहेको समेत बताए ।

थापाले भने-'यो प्रकृतिद्वारा सिजृत विध्वंश हो वा मानव निर्मित दुर्घटना ? यो शोक र पीडाको घडीमा यो प्रश्नको वस्तुनिष्ट विवेचना गर्न जरुरी छ । यसको वस्तुगत निष्कर्षबाट नै हामी शोक र पीडालाई शक्तिमा बदल्न सक्दछौँ । सम्भावित दुर्घटना रोक्न वा त्यसबाट बच्न सक्दछौँ ।' नेता थापाले विकसित देशहरूले उद्योग, यातायातलगायतका क्षेत्रमा अत्याधिक कोइला र ग्यास प्रयोग गर्दा विषाक्त ग्यास उत्सर्जन भई वायुमण्डलीय तापक्रम अस्वाभाविक रूपमा बढेको भन्दै चिन्ता समेत व्यक्त गरे। उनले बढ्दो तापक्रम वृद्धिका कारण हिमालको हिउँ पग्लिँदा त्यसले भयावह बाढीपहिरो निम्त्याउने र मानव बस्तीको अस्तित्वमा समेत असर पार्ने बताए ।

उनले थपे-'विज्ञ तथा वैज्ञानिकहरुको निष्कर्षअनुसार जलवायु परिवर्तन तथा भूमण्डलीय तापक्रम वृद्धिले मानव जातिको अस्तित्वमा नै संकट पैदा गरेको छ। विकसित देशहरुले उद्योग, यातायात तथा अन्य प्रयोजनको लागि अत्याधिक मात्रामा कोइला तथा ग्यास प्रयोग गर्दा त्यसले विशाक्त ग्यास उत्सर्जन गर्दछ । फलस्वरुप वायुमण्डलको तापक्रममा अस्वभाविक रुपमा वृद्धि हुन जान्छ । तापत्रमको वृद्धिले हिमालको हिउँ पग्लिन्छ जुन भयावह बाढीपहिरोमा परिणत हुन्छ । त्यसले मानव वस्तीको अस्तित्व नै मेटाउँछ, सभामुख महोदय उत्तरी तथा दक्षिणी धुर्वमा हिउँ पग्लिरहेका छन् । त्यसले एकप्रकारको सुनामी सृष्टि गरिरहेको छ ।'

**कति श्रमदाता चाहिन्छ हामी दिन्छौं : राई**

श्रम संस्कृति पार्टीका सांसद ध्रुव राईले सङ्कटको बेलामा एकअर्काबिच आरोप प्रत्यारोप गर्न नहुने बताएका छन् । प्रतिनिधिसभाको बैठकमा सङ्कटमा सबै एकजुट हुनुर्ने बताए । उनले भने-'यो सङ्कटमा सरकारलाई हाम्रो साथ छ । सरकारसँग असहमति हुन सक्छ, आलोचना हुन सक्छ तर विपत्तिमा राज्य कमजोर बनाउने पक्षमा हामी छैनौं । हामी राज्यसँग काँधमा काँध मिलाएर, हातमा हात मिलाएर उद्धार र राहतमा अघि बढ्न तयार छौं । हामी कहाँ उभिनुपर्ने, हामी तयार छौं ।'

उनले सरकारलाई आफ्नो पार्टीको तर्फबाट कति हजार श्रमदाता चाहिन्छ उपलब्ध गराउन तयार रहेको बताए ।

**उद्धार प्रक्रियामा गम्भीर त्रुटि : शाही**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञानबहादुर शाहीले देशका विभिन्न भागमा आएको विनाशकारी विपदपछि सरकारले चालेको कदम र उद्धार प्रक्रियामा गम्भीर त्रुटि रहेको भन्दै संसद्मा सरकारको ध्यानाकर्षण गराएका छन् ।

बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै शाहीले रसुवालगायतका क्षेत्रमा बेपत्ता भएका नागरिकहरूको उद्धारमा राज्य संयन्त्र निकै ढिलो परिचालन भएको आरोप लगाए । शाहीले बाढी आएकै दिन आफूले गृह मन्त्रालय पुगेर सुरुङभित्र मानिसहरू फसेको जानकारी फोन नम्बरसहित गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे ।

७२ घण्टापछि मात्र अनुगमन टोली पुगेको र ९६ घण्टापछि मात्रै उद्धार टोली पठाइएको भन्दै उनले सरकारी तत्परतामाथि प्रश्न उठाए ।

शाहीले स्थानीय तहका जनप्रतिनिधिहरू बेपत्ता भएको र कतिपयले सरकारले समन्वय नगरेको भन्दै सन्देशहरू पठाइरहेको अवस्थामा केन्द्र सरकारले स्थानीय तहलाई उचित परिचालन गर्न नसकेको टिप्पणी गरे । सुरुङभित्र पसेको लेदो निकाल्ने प्रविधि विश्वभर उपलब्ध रहेको उल्लेख गर्दै शाहीले प्रधानमन्त्रीको त्यस्तो प्रविधि संसारमै छैन भन्ने भनाइको खण्डन गरे । प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार संसदमा सम्बोधन क्रममा नेपालमा मात्र नभइ संसारमै सुरुङ र हिलो निकाल्ने प्रविधि नरहेको बताएका थिए ।

सुरुङभित्रको 'पावर हाउस' क्षेत्रमा अक्सिजन र स्थान हुने भएकाले त्यहाँ अझै पनि मानिसहरू जीवित हुनसक्ने सम्भावना रहेको भन्दै उनले उद्धार कार्य नरोक्न अपिल गरे । हालै जुम्लाका ५ जना श्रमिकहरू सुरुङबाट जीवितै निस्कन सफल भएको उदाहरण दिँदै भित्र अझै धेरैको सास बाँकी हुन सक्ने दाबी गरे । उनले भने-'प्रधानमन्त्रीले हिलो निकाल्ने प्रविधि संसारमै छैन भन्नु सरासर गलत हो । आजको युगमा प्रविधि उपलब्ध छ, तर सरकारले त्यसको प्रयोग र खरिदमा चासो देखाएन । ९६ घण्टापछि पुगेको टोली पनि सरकारको नभई हामी आफैँले लगेका पर्वतारोहीहरू थिए ।'

सुरक्षाकर्मीहरूले स्रोतसाधनको अभावका बाबजुद ज्यान जोखिममा राखेर काम गरिरहेको भन्दै उनले मौखिक प्रशंसा मात्र पर्याप्त नहुने बताए । सुरक्षाकर्मी र निजामती कर्मचारीको सेवा सर्त र जोखिम फरक हुने भएकाले सोही अनुसारको सुविधा व्यवस्था गर्न मन्त्रिपरिषद्लाई आग्रह गरे ।

सांसद शाहीले नेपालमा आएको विपदलाई जलवायु परिवर्तनको असरसँग जोड्दै धनी राष्ट्रहरूले गरेको कार्बन उत्सर्जनको मूल्य नेपाली जनताले चुकाउनुपरेको बताए। उनले नेपालले अब अन्तर्राष्ट्रिय समुदायसँग भिख माग्ने नभई अधिकारका रूपमा क्षतिपूर्ति दाबी गर्नुपर्ने र आवश्यक परे अन्तर्राष्ट्रिय अदालतसम्म जानुपर्ने सुझाव दिए ।

**तत्काल ...**

प्रहरी पनि अडिन सक्ने ठाउँ थिएन । उहाँहरूले सुतेर पुग्ने प्रयास गर्नुभयो । एक्साभेटर र हेलिकोप्टर पनि राख्न सकिने थिएन । त्यो अडिने ठाउँ भएपछि मात्रे त्यहाँ सुरु गरिएको हो ।'-उनले भने ।

प्रधानमन्त्री शाहले भोटेकोसी बाढीबाट भएको जनधनको क्षतिपछि उद्धार र राहतका विषयमा आएको गुनासोबारे आफू जानकार रहेको बताए ।शाहले सुरुङ उद्धारमा भएको ढिलाइको विषयमा आएको गुनासोबारे जानकारी भएको बताए । 'टनेलमा आएको विपत्ति विशेष किसिमको छ,' प्रधानमन्त्री शाहले भने- 'ढिलाइबारे जुन गुनासो आएको छ, त्यो पूर्ण रुपमा बुझ्छौं । हामी गुनासोबाट विचलित भएका छैनौं ।' त्यस्तै, उनले प्रदेश र स्थानीय सरकारसँगको समन्वयका विषयमा पनि प्रस्टीकरण दिएका छन् । उनले प्रदेश र स्थानीय सरकारसँग समन्वय भइरहेको र अबका दिनमा पनि गर्ने बताएका छन् । उनले खोज तथा उद्धारमा खटिइरहेका सुरक्षाकर्मीलाई प्रोत्साहन गर्न आग्रह गरेका छन् । प्रधानमन्त्री शाहले जलवायु परिवर्तन भोटेकोशी विपद्को प्रमुख कारण रहेको भन्दै यसको न्यूनीकरण तथा व्यवस्थापन विश्व समुदायको साझा जिम्मेवारी भएको बताए ।

'जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्बारे अन्तर्राष्ट्रिय समुदायसमक्ष बलियो गरी प्रस्तुत गर्नुपर्ने बेला आएको छ । जलवायु परिवर्तन विश्वव्यापी योगदान हो । यसको असरको न्यूनीकरण तथा व्यवस्थापन विश्व समुदायको साझा जिम्मेवारी हो ।'- प्रधानमन्त्रीले संसद्मा भने ।

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडका तपसिल बमोजिमका जमानीदाताहरुलाई कर्जा रकम चुक्ता गर्न आउने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१८ गते बिहीबारको लुम्बिनी दैनिक**

यस विकास बैंकको फर्सातिकर शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नुभएको ऋणकर्जा विकास बैंक संग भए गरेका सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्नुका साथै बिभिन्न मितिमा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, धितो जमानीकर्ता र धनजमानीकर्तालाई पत्रबाट समेत सूचित गरिएको थियो । सो गर्दा समेत कर्जा चुक्ता गर्न कुनै तत्परता नदेखाए पश्चात निजले कर्जा लिदाका बखत विकास बैंकका नाममा धितोबन्धक लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी कर्जा असुल गर्न बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा २१ (एक्काइस) र १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा गोप्य शिलबन्दि मार्फत बोलपत्र माग गर्दा कुनै पनि बोलपत्र प्राप्त नभएकोले बिभिन्न प्रतिनिधिहरुको रोहवरमा मुचुल्का तयार गरी गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गर्दा समेत विकास बैंकको लेना रकम असुल नभई बाँकी रहेकोले जमानिदाताहरुलाई बाँकी रकम चुक्ता गर्न आउने सम्बन्धि यो ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र कर्जा चुक्ता/भुक्तानी नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ र प्रचलित ऐन कानुन एवम् नियमानुसार कानूनी प्रक्रिया अगाडी बढाई बैंकको लेना रकम ऋणी तथा ब्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पतिबाट समेत असुल उपर गरीने छ । साथै नेपाल राष्ट्र बैंकबाट "क", "ख", र "ग" वर्गका इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन बमोजिम तपाई ब्यक्तिगत जमानीदाताको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारीस गरी पठाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना (फर्सातिकर शाखा**

नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देही, प्रा.फ.र.नं.३८०६४/०७३ मिति २०७३/०६/१२, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६०५१६७०९२ मिति २०७३/०६/१३ मा दर्ता भई रुपन्देही जिल्ला मानपकडी गा.वि.स. वडा नं. ४ स्थित **अंकिता हार्डवेयर**

**प्रोप्राइटरको विवरण**: मोतिलाल मल्लाहको नाती, कौलेश्वर प्रसाद मल्लाहको छोरा, रुपन्देही जिल्ला मानमटेरिया गा.वि.स. वडा नं. ६, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ६, बस्ने **अशोक कुमार मल्लाह** (ना.प्र.नं.३७-०१-७३-०६२०९, रुपन्देही, जारी मिति : २०७३/०६/११)

**जमानीदाताको विवरण**

कौलेश्वर प्रसाद मल्लाहको बुहारी, अशोक कुमार मल्लाहको पत्नी, रुपन्देही जिल्ला सुद्धोधन गा.पा. वडा नं. ६, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **सुशिला मल्लाह** (ना.प्र.नं.३७-०१-७५-११६१३, रुपन्देही, जारी मिति : २०७५/०९/२०)

**ऋणीको नाम र ठेगाना (फर्सातिकर शाखा)**

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा रुपन्देही, प्रा.फ.र.नं. ४८८४७/०७७/७८ मिति २०७७/०८/११, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६१२८६५०७५ मिति २०७६/१०/०६ मा दर्ता भई रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ६ स्थित **न्यू सम्राट सप्लायर्स**

**प्रोप्राइटरको विवरण**: कौलेश्वर प्रसाद मल्लाहको बुहारी, अशोक कुमार मल्लाहको पत्नी, रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ६, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **सुशिला मल्लाह** (ना.प्र.नं.३७-०१-७५-११६१३, रुपन्देही, जारी मिति : २०७५/०९/२०)

**जमानीदाताको विवरण**

मोतिलाल मल्लाहको नाती, कौलेश्वर प्रसाद मल्लाहको छोरा, रुपन्देही जिल्ला मानमटेरिया गा.वि.स. वडा नं. ६, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ६, बस्ने **अशोक कुमार मल्लाह** (ना.प्र.नं.३७-०१-७३-०६२०९, रुपन्देही, जारी मिति : २०७३/०६/११)

**ऋणीको नाम र ठेगाना (फर्सातिकर शाखा)**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता रहेको प्रा.फ.र.नं. ४८२९१/०७७ मिति २०७७/०६/१९, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६१३८५५१६५ मिति २०७७/०६/१६ मा दर्ता भई रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४ स्थित **न्यू गणेश पाल्पाली सुनचाँदी पसल**

**प्रोप्राइटरको विवरण**: धन बहादुर वि.के.को नाति, सुब्बा बहादुर वि.के.को छोरा, रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४, स्थायी ठेगाना भई हाल ऐ. ऐ.बस्ने **देव बहादुर बि.क.** (ना.प्र.नं.११३००, रुपन्देही, जारी मिति : २०५९/०३/१८)

**जमानीदाताको विवरण**

हरिलालको नाति, धन बहादुर वि.के.को छोरा, रुपन्देही जिल्ला सौ. फर्सातिकर गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४ बस्ने **सुब्बा बहादुर वि.के.** (ना.प्र.नं. २/२७३९, रुपन्देही जारी मिति : २०४६/१२/११)

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

**केन्द्रीय कार्यालय**
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail:info@srdb.com.np,URL:www.srdb.com.np

## कपिलवस्तु जिल्ला अदालतबाट प्रतिवादीका नाममा जारी भएको इतलायनामा

मितिः २०८३/०५/१८

जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालीका वडा नं. १ शिवमन्दिर टोल घर भई हाल माईतीघर देश भारत जिल्ला महाराष्ट्र मुम्बई पुलिस चौकी अन्धेरी साकिनाका पाइपलाइन बस्ने चन्चल सिंहका नाउँमा जारी भएको २१ (एक्काइस) दिने इतलायनामा म्याद ........................................................................।

उप्रान्त वादी शक्ति ठाकुर प्रतिवादी तपाईं समेत भएको सम्बन्धविच्छेद मुद्दा मिति २०८२।११।०५ मा यस अदालतमा दायर भएकोमा तपाईंका नाउँमा यस अदालतबाट जारी भएको इतलायनामा म्याद बेपत्ते व्यहोराले तामेल भई आएकोले यस अदालतको मिति २०८३ । ०५ । १५ गतेको आदेशानुसार तपाईंका नाउँको यो २१(एक्काइस) दिने इतलायनामा म्याद पत्रिकामा प्रकाशित गरिएको छ। यो म्याद / सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक २१ ( एक्काइस) दिन भित्र आफैं वा कानुन बमोजिको प्रतिनिधि मार्फत् आफ्नो भएको सबुत प्रमाण सहित प्रतिउत्तर फिराउन यस अदालतमा आउनु होला । म्यादभित्र उपस्थित नभई गुजारी बसे मुद्दा कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन ।

इति संवत् २०८३ साल भदौ महिना १५ गते रोज २ शुभम्.............................................।

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# ग्रीनसिटी अस्पतालद्वारा पाँच लाख राहत प्रदान






बुटवल । ग्रीनसिटी अस्पताल काठमाडौंद्वारा भोटेकोसी बाढी प्रभावितको राहतका लागि पाँच लाख आर्थिक सहयोग प्रदान गरिएको छ ।

अस्पतालका अध्यक्ष लोकबहादुर टण्डनले मुलुकमा उत्पन्न विपदको बेलामा पीडितलाई राहत पुगोस् भनने उद्देश्यले् संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरेको बताए । साथै डाक्टरसहितको टोली पुगेर घाइते चार जना बालबालिकालाई काठमाडौंस्थित आफ्नै अस्पतालमा ल्याएर उपचार गरिरहेको अस्पतालका अध्यक्ष टण्डनले बताए ।

ती बालबालिकालाई अभिभावकले स्वीकृति दिएमा उच्च शिक्षा र पालनपोषण निःशुल्क गरिदिने टण्डनले जानकारी दिए ।

# तिलोत्तमा सिर्जनशील समाजले बाढी पीडितलाई राहत बाँड्दै




बुटवल । रसुवाको भोटेकोसीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकका लागि तिलोत्तमा सिर्जनशील समाजले करिब १७ लाख रुपैयाँ बराबरको राहत सामग्री संकलन गरी वितरणका लागि धादिङतर्फ पठाएको छ ।

समाजले स्थानीय टोल विकास संस्था, आमा समूह तथा थ्री सिस्टर कलेक्सन बुटवललगायतको सहकार्यमा तीन दिनसम्म राहत सामग्री संकलन गरेको हो । संकलन गरिएको राहतमा चामल, दाल, तेल, सोयाबिन, बेसार तथा विभिन्न मसला, चाउचाउ, बिस्कुट, कपडा, भाँडाकुँडा र मेडिकल सामग्रीलगायत छन् । संकलित राहत सामग्री धादिङको गजुरी गाउँपालिका-१, २ र ६ का बाढी प्रभावितलाई वितरण गरिने राहत सामग्री संकलन संयोजक एवं समाजका वरिष्ठ उपाध्यक्ष पदमबहादुर पौडेल क्षेत्रीले जानकारी दिए । उनका अनुसार करिब १७ लाख रुपैयाँ बराबरको राहत सामग्री तीनवटा बोलेरो गाडीमा धादिङ लगिएको हो । उक्त सामग्री करिब ३०० जना प्रभावितलाई वितरण गरिनेछ ।

राहत सामग्री लिएर तिलोत्तमा सिर्जनशील समाजका अध्यक्ष सन्तोष बर्मा केसी, वरिष्ठ उपाध्यक्ष पदमबहादुर पौडेल क्षेत्री, सुभाष थापासहित ६ जनाको टोली बुधबार बिहान धादिङतर्फ प्रस्थान गरेको हो ।

टोलीलाई तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जगेश्वरदेवी चौधरी, तिलोत्तमा-४ का वडाध्यक्ष तथा स्थानीय बासिन्दाले बिदाइ गरेका थिए ।

बिदाइ कार्यक्रममा नगर प्रमुख खाँणले देशको जुनसुकै स्थानमा विपद् आइपर्दा पीडितको सहयोगमा तिलोत्तमा नगरपालिका र नगरवासी सधैं अग्रसर रहने बताए । उनले राहत सामग्री ढुवानीमा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

उपप्रमुख चौधरीले भोटेकोसीमा आएको बाढीबाट उत्पन्न महाविपत्तिको सामना सबै मिलेर गर्नुपर्ने बताइन् । विपद्का बेला आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्नुपर्नेमा उनले जोड दिइन् ।

२०७४ सालमा स्थापना भएको तिलोत्तमा सिर्जनशील समाजले सामाजिक तथा मानवीय सेवाका क्षेत्रमा विभिन्न गतिविधि गर्दै आएको जनाएको छ ।

# कुप्रथा न्यूनीकरणमा सरोकारवालाको भूमिका महत्वपूर्ण : जिसस प्रमुख कोइराला



**अनिल नेपाली**

*अर्घाखाँची*

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले कानुनले निषेध गरेका कुप्रथा अझै समाजमा जरा गाडेर रहनु चिन्ताको विषय भएको बताएका छन् । उनले हानिकारक परम्परा, कुप्रथा र गलत मूल्यमान्यता न्यूनीकरणका लागि सरोकारवाला सबैको भूमिका महत्वपूर्ण हुने बताए ।

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ स्थित सुपादेउराली मन्दिर परिसरमा 'सामाजिक न्यायका लागि रूपान्तरण अभियानअन्तर्गत 'हाम्रो साहस परियोजना' द्वारा आयोजित बहुसरोकारवालासँगको छलफल कार्यक्रममा बोल्दै प्रमुख कोइरालाले यस्तो बताएका हुन् ।

कार्यक्रम दलित महिला संघ र युएन वुमनको सहकार्य तथा दलित चेतना विकास परिषद् नेपाल, अर्घाखाँचीको सहजीकरणमा सम्पन्न भएको हो ।

प्रमुख कोइरालाले कानुनले निषेध गरेका कुप्रथा अझैं पनि समाजमा भित्रभित्रै कायम रहनु गम्भीर विषय भएको बताउँदै यस्ता हानिकारक सामाजिक मान्यता परिवर्तन गर्न भाषण मात्र नभई व्यवहारमै परिवर्तन आवश्यक रहेको उल्लेख गरे ।

सन्धिखर्क नगरपालिका-७ का वडाध्यक्ष चुराबहादुर केसीले ग्रामीण तथा पछाडि पारिएका समुदायमा सामाजिक न्याय र सशक्तीकरणका लागि समुदायका अगुवासँग छलफल तथा अन्तरक्रिया आयोजना गर्नु महत्वपूर्ण भएको बताए । समाजमा विद्यमान हानिकारक परम्परा न्यूनीकरण गर्न संस्थाहरूले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले स्थानीय सरकारको प्रमुख जनप्रतिनिधिका रूपमा यस्ता समस्या न्यूनीकरण गर्न आफू प्रतिबद्ध रहेकोसमेत उल्लेख गरे ।

कार्यक्रममा हानिकारक परम्परा तथा समाजमा विद्यमान सामाजिक मूल्यमान्यताका विषयमा पत्रकार अनिल नेपालीले सहजीकरण गरेका थिए ।

सो अवसरमा दलित महिला संघले महिलावादी अभियान, समावेशी सशक्तीकरण तथा जातीय, लैङ्गिक र अपाङ्गता भएका व्यक्तिका क्षेत्रमा काम गर्दै आएको जानकारी दिइएको थियो । संस्थाले समुदायसँगको सहकार्यमा विभिन्न परियोजना सञ्चालन गर्दै महिला सशक्तीकरण र दिगो विकासमा जोड दिँदै आएको जनाइएको छ ।

'हाम्रो साहस परियोजना'अन्तर्गत सामाजिक रूपमा हानिकारक मूल्यमान्यता न्यूनीकरण तथा लैङ्गिक समानताका लागि सामाजिक मूल्यमान्यता परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन भइरहेको जनाइएको छ । परियोजनाको मुख्य लक्षित वर्गमा महिला, दलित समुदाय र युवा रहेका छन् । परियोजनाको उद्देश्य सामाजिक कुरीति न्यूनीकरण, संस्थागत क्षमता अभिवृद्धि तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्नु रहेको जनाइएको छ । वक्ताहरूले परम्परागत सोंच र व्यवहारमा परिवर्तन ल्याउन यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताएका थिए ।

न्यायबाट टाढा रहेका, बेसहारा अवस्थामा जीवन बिताइरहेका तथा अन्याय र हिंसामा परेका महिलालाई जीविकोपार्जनसँग जोड्न सबै पक्षको सहयोग आवश्यक रहेको उनीहरूको भनाइ थियो ।

कार्यक्रममा नरपानी प्रहरी चौकीका प्रमुख रामसकल यादव, सुपादेउराली मन्दिर व्यवस्थापन समितिका सह-सचिव कमल थापा, पूर्व सह-सचिव कमल थापा तथा युवा अगुवा विवश थापालगायतले मन्तव्य राख्दै समाजमा रहेका हानिकारक परम्परा न्यूनीकरण गर्न सबैको भूमिका महत्वपूर्ण हुने बताए ।

# तेस्रो गौतमबुद्ध कप 'नाइन ए साइड' फुटबलको तयारी




कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिका-५ पिपरीचापास्थित गौतमबुद्ध सामुदायिक विकास केन्द्रको आयोजनामा हुने तेस्रो गौतमबुद्ध कप-'२०८३ नाइन ए साइड' नकआउट फुटबल प्रतियोगिता सञ्चालनको सम्पूर्ण तयारीको अन्तिम चरणमा पुगको छ ।

हरितालिका तिजको अवसर पारेर आयोजना गर्न लागिएको प्रतियोगिताबारे जानकारी गराउने उद्देश्यले सोमबार पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष कमल परियारले सो कुराको जानकारी दिएका हुन् । पत्रकार सम्मेलनमा आयोजक गौतमबुद्ध सामुदायिक विकास केन्द्रका अध्यक्ष कमल परियारले प्रतियोगिताको तयारी, उद्देश्य तथा व्यवस्थापनबारे सञ्चारकर्मीलाई जानकारी गराएका हुन् ।

प्रतियोगिता भदौ १८ गतेदेखि कञ्चन-५, पिपरीचापास्थित गौतमबुद्ध सामुदायिक विकास केन्द्रको खेलमैदानमा सुरु हुनेछ । प्रतियोगिताको उद्घाटन खेल भदौ १८ गते दिउँसो २ बजेदेखि हुने आयोजकले जनाएको छ । प्रतियोगिताको फाइनल खेल भदौ २९ गते हुनेछ ।

प्रतियोगिताबारे जानकारी गराउँदै अध्यक्ष परियारले प्रतियोगिताको विजेताले नगद १ लाख २२ हजार २२२ रुपैयाँसहित कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उप-विजेताले ७२ हजार २२२ रुपैयाँसहित कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । उप-विजेताको नगद पुरस्कार भने दाजु श्यामबहादुर बुढा मगरको सम्झनामा भाइ विपिन बुढा मगरको परिवारबाट सौजन्य प्राप्त भएको केन्द्रका अध्यक्ष कमल परियारले जानकारी दिएका छन् ।

यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीले होण्डा साइकल र ट्रफी प्राप्त गर्ने छन् भने सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट रक्षक, उदयमान खेलाडीले जनही ३ हजार १ सय रुपैयाँ नगद पुरस्कारसहित ट्रफी पाउने आयोजकले जनाएको छ । यसैगरी प्रत्येक खेलको म्यान अफ द म्याच विजेताले १ हजार १ सय रुपैयाँ पाउने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

अध्यक्ष परियारका अनुसार प्रतियोगिता सञ्चालनका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितालाई सफल बनाउन स्थानीय सरकार, विभिन्न संघसंस्था, आमा समूह, चन्दादाता, प्रायोजक तथा फुटबल खेलप्रेमीहरूबाट आर्थिक, भौतिक, नैतिक सहयोग तथा श्रमदान प्राप्त भइरहेको छ ।

स्थानीयस्तरमा फुटबल खेलको विकास, खेलाडीको उत्पादन तथा युवाहरूबिच एकता र सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा न्यू सिरजनशिल एफ.सि., रुपन्देही, एम. बी. भेट्रान्स रुपन्देही, फर्साटिकर युवा क्लब, शुद्धोधन, योङ्ग बोइज देवदह, चाँदानी युवा क्लब कञ्चन, झरना स्पोर्टस् क्लब, कुञ्जलापुर, रेन्बो एकेडेमी, कञ्चन, सुनगाभा सामुदायिक विकास केन्द्र, गौतमबुद्ध सामुदायिक विकास केन्द्र, सुनौलो संगम युवा क्लब, न्यू सृजना युवा क्लब तिलोत्तमा, विश्वशान्ति युवा क्लब गरी १२ फुटबल टिमकहरुले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको समयतालिका समेत बुधबार नै सार्वजनिक भएको छ ।

प्रतियोगिताको तेश्रो संस्करणमा खेलकोक्रममा खेलाडीहरुमा कुनै सघन समस्या देखा परेमा खेलमैदानमै प्राथमिक उपचारका लागि मेडिकल अफिसर र फिजियो थेरापिष्ट सम्मिलित मेडिकल टिमको समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ । यसैगरी प्रतियोगितामा करिब ३० हजार दर्शकहरुले प्रत्यक्ष रुपमा खेलको अवलोकन गर्ने आयोजकले अनुमान गरेको छ । दर्शकहरुका लागि प्याराफिटको व्यवस्था गरिएको छ ।

कार्यक्रममा केन्द्रका सल्लाहकार हिरालाल विश्वकर्माले सञ्चालन गरेका थिए भने अर्का सल्लाहकार सुवेदार मीनबहादुर पुनले स्वागत गरेका थिए । सम्मेलनमा केन्द्रका पदाधिकारीहरुको समेत सहभागिता रहेको केन्द्रका उपाध्यक्ष तथा खेल संयोजक रोशन पुनले जानकारी दिए ।

# कांग्रेस इतर समूहले मंसिरमा महाधिवेशन गर्ने

बुटवल । नेपाली कांग्रेसको संस्थापन इतर समूहले छुट्टै महाधिवेशनको तयारी थालेको छ ।

बुधबार इतर समूहको सम्पर्क कार्यालय चुनदेवीमा बसेको शीर्ष नेताको बैठकमा १५औं महाधिवेशन मंसिर २१ देखि २३ गतेसम्म गर्ने प्रस्ताव गरिएको हो ।

जसमा वडा अधिवेशन असोज १५ गते, पालिका अधिवेशन असोज २० गते, प्रदेश सभा/प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन असोज २३ गते गर्ने प्रस्ताव छ ।

यस्तै जिल्ला अधिवेशन कात्तिक १५ गते, प्रदेश अधिवेशन मंसिर ४ गते र केन्द्रीय महाधिवेशन मंसिर २१ देखि २३ गतेसम्म गर्ने प्रस्तावमाथि इतर पक्षमा छलफल भइरहेको छ ।

कांग्रेसले आगामी असोज १६-१९ मा महाधिवेशनको मिति निर्धारण गरी आन्तरिक काम थालेका बेला इतर पक्ष छुट्टै महाधिवेशनको दिशामा अगाडि बढेको छ ।

गत पुसमा सम्पन्न विशेष महाधिवेशनपछि कांग्रेस दुई भागमा विभाजित छ । कांग्रेस आधिकारिकता विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्था दुवै पक्ष छुट्टाछुट्टै महाधिवेशन गर्ने गरि अगाडि बढेको देखिन्छ ।












सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com